SAMRIDDHI FOUNDATION

औद्योगिक संस्थान ऐन

को

समिक्षा

www.samriddhi.org

औद्योगिक संस्थान ऐन

को समिक्षा

प्रकाशक
समृद्धि फाउण्डेशन
६६४, भिमसेनगोला मार्ग, मिनभवन खरीबोट
काठमाडौं, नेपाल
फोनः (९७७)-१-४४६-४६१६, ४४८-४०१६
फ्याक्स्ः (९७७)-१-४४८-५३९१
ईमेलः info@samriddhi.org
वेबसाईटः www.samriddhi.org

© समृद्धि फाउण्डेशन
यस प्रकाशनको सम्पुर्ण अधिकार समृद्धि फाउण्डेशनमा निहित छ। यस संस्थासँग अनुमति नलिई, यस पुस्तकको कुनै पनि अंश कुनै पनि माध्यम प्रयोग गरेर कुनै पनि रुपमा प्रकाशित गर्न, पुनःप्राप्त गर्न सकिने पद्धतिमा संग्रह गर्न र वितरण गर्न पाईने छैन। यसको पुनःप्रकाशन वा पुनःप्रयो गको लागि कुनै जानकारी लिनु पर्ने भएमा माथि दिईएको ठेगानामा समृद्धि, द प्रोस्पेरिटी फाउण्डेशनमा सम्पर्क गर्न सकिनेछ। यस पुस्तकलाई कुनै अन्य कभर वाईण्डिङग हालेर वितरण गर्न पाइने छैन। अन्यको हकमा पनि यही नियम लागु हुनेछ।

१. प्रदेश तहमा औद्योगिक संस्थानको दर्ता सम्बन्धि व्यवस्था

दफा	उपदफा	
दफा ४	उपदफा २	सम्बन्धित धाराको उपदफा १ मा पर्ने अवस्था बाहेक अन्य सबै किसिमका संस्थानहरूको दर्ता र नविकरण सम्बन्धि व्यवस्था प्रदेश तहमा नै गर्ने

ऐनको यो व्यवस्था एक किसिमले प्रदेश तहमा निश्चित किसिमका औद्योगिक संस्थानहरूको दर्ता र नविकरण गराउने संघियताको कार्यान्वयनको शुरुवात भएकाले निश्चय नै प्रशंसायोग्य छ । तर पनि, कतिपय अवस्थामा प्रदेश तहमा दर्ता भईसकेका संगठनहरूले समेत केन्द्रिय निकायसँग सहकार्य गर्नुपर्ने व्यवस्था ले थप कठिनाइ, लागत र समय लाग्दछ । उदाहरणका लागि, प्रदेश तहमा दर्ता गरिएका संगठनहरूले समेत दफा ११ को व्यवस्था अनुसार अन्य प्रदेशमा आफूलाई विस्तार गर्नु परेमा, सम्बन्धित प्रदेशमा दर्ता गर्नुका साथै केन्द्रिय तहसँग अनुमति लिनुपर्ने झन्झटिलो व्यवस्था छ। त्यस्तै, यस्ता संगठनहरूले आफ्नो व्यवसाय अन्य प्रदेशमा विस्तार गर्नु परेमा संघीय तहबाट अनुमति लिएको भएता पनि दफा ४ (१) को उपदफा ४ अनुसार सम्बन्धित प्रदेशमा पुनः दर्ता गर्नुपर्ने व्यवस्था छ।

सुझाव

यस्तो व्यवस्था गर्नुको साटो संघीय सरकारको व्यवसाय दर्ता सम्बन्धि विभाग अन्तर्गत व्यवसाय दर्ता तथा नविकरणको कामलाई केन्द्रित गर्नुभन्दा पनि रणनीतिक हिसाबले विभिन्न ठाउँमा **"एकद्वार केन्द्रहरू"** गठन गर्नु उपयुक्त हुन्छ । यस्तो कार्य केन्द्रिय निकायको प्रतिनिधित्व गर्ने किसिमले विभिन्न स्थानका मध्यस्तकर्ताहरूलाई सुम्पनु समेत उपयुक्त हुन्छ, जोसँगको सजिलो पहुँचका कारण देशभरिका व्यावसायीहरूका लागि सजिलो होस् । यसका लागि प्रदेश तथा स्थानीय तहका सरकारहरूले यी केन्द्रहरू कहाँ कहाँ स्थापना गर्ने र कसरी प्रभावकारी हिसाबले संचालन गर्ने भन्ने विषयमा सहकार्य गर्न सक्दछन् । अर्को महत्वपुर्ण पक्ष के भने, दफा ४ को उपदफा ४ बमोजिम विद्युतीय/डिजिटल हस्ताक्षरको प्रमाणिकरण मार्फत संघीय निकायमा व्यावसायिक संस्थानहरूलाई अनलाईन दर्ता गर्ने व्यवस्थालाई बलियो वैकल्पिक माध्यमका रूपमा कार्यान्वयन गर्नुपर्छ ।

२. दर्ता निवेदन दिएको कति दिनसम्म कार्य सम्पन्न गरिसक्नुपर्ने भन्नेबारे उल्लेख नगर्नु

दफा	उपदफा	
दफा ४	उपदफा ५	औद्योगिक संस्थान दर्ता गर्ने सरकारी निकायले निवेदकलाई आवश्यक कागजात तत्काल पेश गर्न निर्देशन दिन सक्ने व्यवस्था भएको ।
	उपदफा ६	ऐनको सोही दफाको उपदफा ६ मा तोकिएको समयभित्र निवेदकले आवश्यक कागजात नबुझाएमा दर्ता सम्बन्धि सरकारी निकायले कारणसहित व्यवसाय दर्ता नगर्न सक्छन् ।

माथि उल्लेखित दुवै उपदफाहरूले कति दिनभित्र औद्योगिक संस्थान दर्ता गर्ने निकायमा आवश्यक कागजातहरू बुझाउनुपर्ने हो र निकायले कति दिनभित्रमा थप कागजात चाहियो भन्ने हो वा कति दिनभित्र संगठन दर्ता हुनेछैन भन्ने सूचना दिने हो भन्नेबारे उल्लेख गरिएको छैन । यद्यपि, दफा ४ को उपदफा ५ ले निवेदकको पहिलो निवेदन पाएपछि “तत्कालै” आवश्यक कागजात बुझाउन निर्देशन दिनेबारे उल्लेख छ । यहाँ “तत्कालै” जस्तो अस्पष्ट शब्द प्रयोग गरिएको छ र यसैकारण दर्ता कार्यालयका सरकारी कर्मचारीहरूलाई निवेदकलाई दुःख दिनका लागि ठाउँ छोडिएको छ । अर्को शब्दमा, यस्तो व्यवस्थाका कारण कर्मचारीहरूले आफ्नो कुरा पूरा नभएसम्मका लागि दर्ता मिति सार्न सक्छन् र सेवा प्रवाहको गतिलाई नियन्त्रण गर्न सक्छन् । यस्तो जन्मजात अनियमितता सम्बन्धि व्यवस्थाले

व्यावसायिक संगठन दर्ताका निम्ति जतिसुकै समय पनि लगाउन सक्दछ र व्यावसायका लागि वातावरण कठीन बनाउँछ ।

यसबाहेक, दफा ५ को उपदफा १ मा निवेदकले निवेदन बुझाएको ५ दिनभित्र दर्ता गरी दर्ताको प्रमाणपत्र बुझाईसक्नुपर्छ भनिएको छ । तर अन्य आवश्यक कागजपत्र चाहिएमा यो व्यवस्था लागू हुन्छ कि हुँदैन र यदि हुँदैन भने, थप कति दिनभित्र दर्ता गर्ने भन्ने बारेमा उल्लेख गरिएको छैन ।

सुझाव

समाधानका लागि दफा ४ को उपदफा ५ मा संशोधन गरी कति दिनभित्र थप आवश्यक कागजात बुझाउनुपर्ने हो वा कति दिनभित्र दर्ता अस्विकार हुन्छ भनी उल्लेख गरिनु आवश्यक छ । अथवा दफा ४ को उपदफा १ मा पहिलो पटक निवेदन बुझाएको ५ दिनको समयावधि भनेको थप कागजातका लागिसमेत हो र दर्ता अस्विकार पनि यही अवधिमा गरिनुपर्छ भनी स्पष्ट उल्लेख गरेमा पनि समस्या समाधान हुन्छ ।

३. अनुमति प्राप्तका लागि मापदण्डहरू स्पष्ट नहुनु

दफा	उपदफा	
दफा ८	उपदफा ५	औद्योगिक संस्थान ऐनको अनुसूचि १ मा पर्ने संगठनहरूलाई यही ऐनको दफा ४ अन्तर्गत स्थापना भएको औद्योगिक तथा लगानी प्रवर्धन बोर्ड (क्षक्षएद्य) ले नतोकिएका थप शर्त तथा मापदण्डहरू थप्न सक्ने व्यवस्था गरिएको ।

माथि उल्लेख भएको बोर्डका सदस्यहरूले कतिपय संगठनहरूलाई थप शर्तहरू पूरा गर्नुपर्ने व्यवस्थाको दुरुपयोग गर्न सक्छन् भनी तर्क गर्न सकिन्छ । अर्को भाषामा भन्दा, बोर्ड सदस्यहरूले आफ्नो व्यक्तिगत मुल्यांकनका आधारमा आफ्नो पक्षमा नभएका व्यावसायीहरूलाई अनावश्यक र बन्देजपूर्ण व्यवस्था गर्न सक्दछन् ।

सुझाव

बोर्डका सदस्यहरूले साँच्चिकै आवश्यक परेमा थप के कस्ता शर्तहरू लगाउन सक्दछन् भनी स्पष्ट किटानी गरिनु आवश्यक छ । साथै, बोर्ड सदस्यहरूको व्यक्तिगत मुल्यांकन र पूर्वाग्रहका आधारमा सेवाग्राहीलाई झन्झट दिन नसक्ने व्यवस्था गर्नुपर्छ ।

४. औद्योगिक तथा लगानी प्रवर्धन बोर्डको गठन

दफा	उपदफा	
दफा २०	उपदफा १	औद्योगिक तथा लगानी प्रवर्धन बोर्ड (क्षक्षएद्य) का सदस्यमा अन्य निकायमा कार्यरत कर्माचारीहरू सदस्य रहने व्यवस्था ।

विभिन्न निकायमा कार्यरत कर्मचारीहरू बोर्डको सदस्य हुने प्रावधानले उनीहरूलाई बोर्ड सदस्यका रूपमा समेत दिईएको जिम्मेवारीले दोहोरो जिम्मेवारीको सिर्जना गर्दछ । आफ्नो कार्यालयको कामलाई प्राथमिकता दिने र बोर्डको कामका लागि समय नपुग्ने र समयमा काम पूरा गर्न नसक्ने समस्या आउन सक्दछ । महत्वपूर्ण कुरा के हो भने, दफा ८ को उपदफा ४ मा व्यवस्था भएअनुसार, व्यावसायिक संगठन दर्ता र सञ्चालन सम्बन्धि निर्णय उनीहरूले ३० दिनसम्म नगर्न समेत सक्दछन् ।

सुझाव

यस्तो व्यवस्थाको ठाउँमा ऐनले बोर्डका लागि आवश्यक सदस्यहरू छुट्टै व्यवस्था गर्नँ उपयुक्त हुन्छ । विभिन्न विभाग, मन्त्रालय र निकायका महत्वपूर्ण र निर्णायक तहमा रहेका अधिकारीहरू आफ्नै काममा व्यस्त हुने हुनाले पनि उनीहरू

बोर्डमा काम गर्न भ्याउँदैनन् । यसको मध्यमार्गी व्यवस्थाका रूपमा बोर्डको प्रमुख व्यक्ति वाणिज्य तथा आपूर्ति मन्त्रालयको आलङ्कारिक जिम्मेवारीमा भएको भएता पनि कम्तिमा बोर्डका कार्यकारी सदस्यहरूलाई मुख्य जिम्मेवारी बोर्डका कार्यसँग सम्बन्धित निर्णय गर्ने हुने गरी व्यवस्था गरिनुपर्छ ।

५. निश्चित रकम र निवेदन दिएर औद्योगिक संस्थाहरू सम्बन्धि जानकारी लिन सकिने व्यवस्था गर्नुपर्ने

दफा	उपदफा	
दफा १६	उपदफा २	औद्योगिक संस्थानहरूको दर्ता, नविकरण, संगठन हस्तान्तरण, स्थानान्तरण, क्षमता बृद्धि, पुँजी वृद्धि, उद्देश्यमा वृद्धि वा परिवर्तन र खण्डन सम्बन्धि सूचना (विद्युतीय माध्यममा भएकोसमेत) लाई निवेदन दिएर प्रदान गर्ने व्यवस्था गरिनुपर्छ ।
	उपदफा ३	यस्तो निवेदनसहित संगठन दर्ता सम्बन्धि विभागले तोकेको दस्तुरको समेत व्यवस्था गर्ने ।

दर्ता भएका संगठनहरूको जानकारीका लागि निवेदन र दस्तुर सम्बन्धि व्यवस्था गरेपछि अनावश्यक झन्झटलाई

हटाउनुका साथै अधिकारीहरूले अनावश्यक शर्त लगाउने र रकम असुल्ने प्रवृति पनि रोकिन्छ। यसबाहेक, उपदफा ३ मा दस्तुर सम्बन्धि थप व्यवस्था गर्नाले अधिकारीहरूले आफूखुशी रकम असुल्न समेत सक्दैनन्।

सुझाव

दर्ता गरिएका संगठनका विद्युतीय माध्यममा राखिएका आधिकारिक कागजातहरू संगठनको प्रतिनिधिलाई आवश्यक परेमा अनलाईन मार्फत निःशुल्क दिने व्यवस्था हुनुपर्छ। यसबाहेक, यस्ता जानकारीहरूको कारोवार गर्नुपर्ने अवस्था आएमा डिजिटल हस्ताक्षरको सुरक्षित माध्यम मार्फत कारोवार समेत गरिनुपर्छ, किनकि यस्ता आवश्यक सूचना पाउनु सम्बन्धित निकायहरूको आधारभुत अधिकार समेत हो।

६. रूग्ण उद्योग सम्बन्धि व्यवस्था

दफा	उपदफा	
दफा ३९	उपदफा १	हाल आफ्नो जम्मा क्षमताको ३० प्रतिशत वा कम उपयोग गरिरहेको र कम्तिमा ३ वर्षदेखि कुल नोक्सानमा चलिरहेको लगायतका मापदण्डहरू पूरा गरेको उद्योगलाई निश्चित प्रक्रिया पूरा गरेर रुग्ण उद्योगका रूपमा घोषणा गर्न सकिनेछ । यस्तो घोषणामा शर्त के भने, रुग्ण उद्योग हुनका लागि स्थापना भएको कम्तिमा ५ वर्ष संचालनमा आउनु पर्दछ र उद्योग यस्तो अवस्थामा आउनका लागि सम्पूर्ण रूपमा बाह्य तत्वहरू जिम्मेवार हुनुपर्दछ, व्यवस्थापनको कमजोरी वा उनीहरूको मनसाय यसमा जिम्मेवार हुनु हुँदैन ।
	उपदफा २	यसको समाधानका लागि यदि उद्योग मन्त्रालयले गरेको अध्ययनले रुग्ण भनी व्यवस्थापनले प्रस्ताव गरेको उद्योगलाई रुग्ण घोषणा गरी विभिन्न सुविधा दिएमा निश्चित अवधिमा यो राम्रो अवस्थामा फर्किन्छ भन्ने देखिएमा, उक्त अवधिका लागि ऐनमा तोकिएका विभिन्न छुट तथा सुविधाहरू दिने व्यवस्था छ ।

पहिलो र सबैभन्दा महत्वपूर्ण कुरा, बजारमा लामो समयसम्म व्यवसायलाई टिकाउन निरन्तर चुनौतिहरूको सामना गर्नुपर्ने हुन्छ । वास्तवमा यहाँ प्रस्ताव गरिएको ५ वर्षे मोडेल अहिलेको तीव्र नवप्रवर्तनको युगमा बजार केन्द्रित तत्वहरूको प्रभाव र कम्पनीहरू निरन्तर रुपमा ग्राहकमुखी हुनुपर्ने हुनाले पुरानो भैसकेको छ । यसका उदाहरणहरूमा भिडियो क्यासेटका पसलहरू र साईबर क्याफेहरू शहरमा नयाँ र सस्ता मल्टिमिडियाहरू चल्ने व्यक्तिगत उपकरणको

आगमन, अनलाइन श्रव्यदृश्य सामग्रीहरूको उपलब्धता र घर घरमा ईन्टरनेटको सुविधा उपलब्ध भएसँगै यस्ता व्यवसायहरू पुराना र असान्दर्भिक हुनुलाई लिन सकिन्छ। यसरी नेपालमा विगत केही वर्षमा देखिएको परिवर्तनलाई बाह्य तत्वका र बजार सम्बन्धि तत्वका कारण भएको परिवर्तन मान्न सकिन्छ।

यस्तोमा, अहिलेको औद्योगिक संस्थान ऐनमा सिकिस्त उद्योगहरूलाई व्यवस्था गरिएको विविध वित्तीय तथा गैह्र वित्तीय सहयोग पाउनका लागि निरन्तर ५ वर्ष संचालनमा रहनुपर्ने, व्यवस्थापनको कमजोरी वा यस्तो मनसाय हुन नहुने, बजार केन्द्रित तत्व र बाह्य तत्वका कारण समस्याग्रस्त भएको हुनुपर्ने मोडेलले बजार केन्द्रित तत्वहरूको स्वभाविक परिवर्तन र नवप्रवर्तनलाई दुरुत्साहन गर्न सरकारको पैसा र प्रयास अनावश्यक रूपमा खर्च हुन्छ। यस्ता उद्योगलाई स्वच्छ मनसायका साथ सरकारले सहयोग गरेता पनि, बजारको प्रतिस्पर्धी क्षमतालाई खुम्चाउने काममा जनताको पैसा खर्च गर्नु उपयुक्त होईन। यस्तो अभ्यासले रचनात्मक विध्वंशको सिद्धान्तलाई नकार्नुका साथै नवप्रवर्तन र आर्थिक बृद्धिलाई नकारात्मक असर गर्छ।

साथै, रुग्ण उद्योग सम्बन्धि यस्तो व्यवस्था उद्यमीहरूको गलत नियत भएको अवस्थामा पनि स्वतन्त्र बजार र राष्ट्रिय अर्थतन्त्र दुवैका लागि उपयुक्त हुँदैन। यसरी यस ऐनका रुग्ण उद्योग सम्बन्धि दुई व्यवस्थाहरू सम्भावित दुरुपयोगबाट मुक्त छैनन्। यस्तो पहिलो व्यवस्था दफा ३९ को उपदफा १ मा उल्लेख गरिएको निश्चित उद्योगलाई रुग्ण उद्योग

घोषणा गर्ने सवालमा “तोकिएको मापदण्डका आधारमा” भन्ने व्यवस्था हो । यस्तो व्यवस्थाले पूर्ण शुद्ध व्यावसायिक संगठनहरू जसको बाह्य कारणले मात्र रुग्ण भएको उद्योगको परिकल्पना गरेजस्तो देखिन्छ जुन व्यवहारिक हुँदैन ।

यसले अधिकारीहरूलाई रुग्ण उद्योग घोषणा गर्ने क्रममा ऐनमा नभएका तर आफ्नो व्यक्तिगत स्वार्थका आधारमा शर्तहरू थप्ने अवस्था सिर्जना गर्दछ । यस्तो मनसाय राख्ने अधिकारीले ऐनको यो व्यवस्थालाई सम्पुर्ण व्यक्तिगत स्वार्थका निम्ति प्रयोग गर्ने प्रशस्त ठाउँ रहन्छ । यसरी घोषणा गरेर दफा ३९ को उपदफा २ मा रहेको विभिन्न छुट तथा सहुलियत दिने व्यवस्थाको दुरुपयोग हुन सक्दछ ।

खण्ड ३९ को उपखण्ड २ मा भएको रुग्ण उद्योगलाई दिइने छुट तथा सहुलियत सम्बन्धि व्यवस्थाबाहेक, यो व्यवस्था यस्ता उद्योगलाई कहिलेसम्म सरकारको सहयोगमा यस्तो सहुलियत दिने भन्ने बारेमा पनि मौन छ । यस्तोमा, अनिश्चित मापदण्डहरूको आधारमा घोषणा भएका रुग्ण उद्योगहरूमा करदाताहरूको कति पैसा अनुदानमा खर्च भईरहेको छ भन्ने त थाहा हुँदैन नै, साथसाथै, कतिन्जेलसम्म अनुदानमा खर्च हुन्छ भन्नेकुरा समेत थाहा हुँदैन । भनिराख्नु परेन, दफा ३९ को उपदफा १ र २ को अस्पष्ट व्यवस्थाले सरकारी अधिकारीहरूलाई ऐनको दुरुपयोग गरी घाटा व्यहोरिरहेका औद्योगिक संस्थाहरूको नाममा करदाताहरूको पैसालाई अनियमितता गर्ने प्रशस्त ठाउँ दिन्छ ।

सुझाव

समाधानका लागि, संशोधन हुन लागेको ऐनमा उनीहरूको अवस्था बाह्य कारणले नराम्रो छ भन्दैमा सरकारी सहुलियत र अनुदान दिने व्यवस्था गर्नु नै हुँदैन। यदि कानुन निर्माताहरू राष्ट्रको समृद्धि र दिगो हितमा चिन्तित छन् भने, बजार कसरी सञ्चालन हुन्छ भन्ने प्राथमिक सिद्धान्त बुझ्नु नितान्त जरुरी छ। यस्तो स्वभाविक प्रक्रियालाई नमान्ने किसिमको कानुनी व्यवस्था बनाउनु नै हुँदैन। यदि रुग्ण उद्योगलाई दिइने सहुलियत पूर्णरूपमा हटाउन व्यवहारिक भएन भने पनि, कम्तिमा कस्ता कस्ता अवस्थामा यस्तो सहुलियत र अनुदान दिने भन्नेबारे स्पष्ट किटान गर्नुपर्दछ। यस्तो व्यवस्थाले कम्तिमा करदाताहरूको पैसामा सरकारी अधिकारीहरूले व्यक्तिगत फाइदाका लागि ऐन दुरुपयोग गरी हालिमुहाली गर्ने सम्भावनाको घनत्व कम गर्दछ।

७. अनिवार्य संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धि व्यवस्थाका बारेमा

दफा	उपदफा	
दफा ५४		कम्तिमा रू. १५ लाखको वार्षिक कारोवार गर्ने जुनसुकै घरेलु, मझौला वा ठूला उद्योगले आफ्नो वार्षिक मुनाफाको कम्तिमा १ प्रतिशत रकम संस्थागत सामाजिक उत्तरदायित्वमा खर्च गर्नुपर्ने ।
दफा ४३	उपदफा ७	यदि माथिको शर्त पुरा भएका औद्योगिक प्रतिष्ठानहरूले तोकिएको रकम संस्थागत सामाजिक उत्तरदायित्वमा खर्च नगरेमा, सो आर्थिक वर्षको मुनाफाको १.५ प्रतिशत र आउने वर्षहरूमा मुनाफाको ०.५ प्रतिशत रकम जरिवाना स्वरूप तिराइने व्यवस्था छ ।

यस्तो व्यवस्थालाई आलोचनात्मक दृश्टिकोणले नियाल्दा के भन्न सकिन्छ भने, स्वतन्त्र रूपमा काम गर्न दिइएको गतिशिल बजार र वाणिज्य प्रणालीले समाजका विभिन्न संलग्न पक्षहरूलाई विविध किसिमका अधिकतम फाइदाहरू पुऱ्याउँछ भन्ने कुरा, कानुन निर्माताहरूले बुझ्न जरुरी छ । बजार/वाणिज्य प्रणालीमा संलग्न विभिन्न सरोकार वालाहरू, जस्तै उपभोक्ता, कर्मचारीहरू, लगानिकर्ताहरूका आवश्यकताहरू पूरा हुन्छन् र समाज तथा अर्थतन्त्रलाई

फाइदा पुग्दछ । व्यापार सम्बन्धि क्रियाकलापहरूले समाजको हित गर्दैनन् वा समाजलाई विभिन्न किसिमले बेफाइदा पुऱ्याउँछन् भन्ने तर्क गर्ने हो भने, यस्ता कुराहरूलाई नियन्त्रण गर्नका लागि र व्यावसायिक क्षेत्रबाट वैज्ञानिक तवरले कर संकलन गरी सामाजिक हितको रक्षा गर्नका लागि सरकार छँदैछ, भन्ने कुरा हेक्का राख्नुपर्छ ।

यसबाहेक, दफा ५४ नियमन वैज्ञानिक प्रकृतिको समेत छैन । किन भने, कारोवार रकमका आधारमा मुनाफाको निश्चित प्रतिशत छुट्याउने कुरा गरिएको छ । यहाँ के बिर्सनु हुँदैन भने, कारोवार रकम अधिक हुँदैमा अधिक मुनाफा आर्जन हुन्छ भन्ने निश्चितता हुँदैन । किन भने, संगठनको प्रकृतिका आधारमा संचालन र अन्य लागतको किसिम फरक पर्दछ । कहिलेकाहीँ उच्च वार्षिक कारोबार गरिरहेको व्यावसायिक संगठनलेसमेत १ प्रतिशत रकम सामाजिक कार्यमा खर्च गर्न नसक्ने अवस्था रहन सक्दछ । यस्तो अवस्थामा, दफा ४३ को उपदफा ७ मा गरिएको व्यवस्थाले सरोकारवालाहरूको फाइदा सम्बन्धि सामाजिक हितलाई झन नकारात्मक असर पुऱ्याउन सक्दछ ।

सुझाव

मुनाफा कमाउने व्यावसायिक संगठनलाई सजाय दिएजसरी सामाजिक उत्तरदायित्वमा अनिवार्य खर्च गर्नुपर्ने व्यवस्था भएको दफा ४३ को उपदफा ७ लाई ऐनबाट पूर्णरूपमा हटाई संशोधन गर्नु पर्दछ । यस्तो व्यवस्था मुनाफा कमाउने लाई सजाय दिने प्रकृतिको छ । र उद्यमशिलताको मर्मलाई चोट पुऱ्याउने किसिमको छ । दफा ५४ को व्यवस्थालाई

निरन्तरता दिनै पर्ने हो भने, यस्तो व्यवस्था कारोवार रकमको आधारमा नभई मुनाफाको आधारमा गर्ने गरी संशोधन गर्नुपर्दछ ।

८. स्थायी ठेगाना नभएका/घुमन्ते व्यावसायको दर्ता सम्बन्धि व्यवस्था नहुनु

दफा	उपदफा	
दफा ३		ऐनमा भएको दर्ता प्रक्रिया पूरा गरी दर्ता गर्ने व्यवस्था मिलाउनुपर्ने ।

दफाले ऐनमा भएको प्रक्रिया पूरा गरी व्यावसायिक संगठनहरू दर्ता हुने व्यवस्था गर्न खोजेको भन्ने कुरामा कुनै शंका छैन । तर पनि, यस्तो दर्ता प्रक्रियामा सहभागी हुनका लागि तोकिएको फाराम भर्नुपर्ने हुन्छ । र फाराममा व्यावसाय सञ्चालनको स्थायी ठेगाना स्पष्ट लेख्नुपर्ने हुन्छ । यस्तो व्यवस्था औद्योगिक संस्थान ऐनको व्यावसाय दर्ता सम्बन्धि फाराम (क) को अनुसुचि २ मा गरिएको छ । जसअनुसार, व्यावसायिक संगठनको प्रकृतिअनुसार उद्योग विभाग (DOI) वा साना तथा घरेलु उद्योग विभाग (DOCSI) मा दर्ता हुने क्रममा फाराम भर्नुपर्छ ।

यो प्रावधानले, व्यावसाय दर्ता र सञ्चालन गर्नका लागि स्थायी ठेगाना हुनै पर्छ । त्यसैले भेदभाव गर्न खोजे को होईन भन्ने तर्क गरिएला, तर यस्तो बुझाईले घुम्ति सेवा दिने साना र लघु प्रकृतिका एकदुई ठाउँमा डुलिर हने व्यावसायहरूलाई दर्ता गर्नबाट रोक्दछ वा कम्तिमा अवरोध सिर्जना गर्दछ । यस्ता व्यावसायहरू आम उपभो क्तालाई सजिलो हुने ठाउँमा साधारण किसिमका वस्तु र सेवा लिई विभिन्न ठाउँमा पुगी सेवा दिएर एक किसिमले प्रक्रियागत नवप्रवर्तन गरिरहेका हुन्छन्। यसरी सेवा दिनेहरू दुर्गम क्षेत्रमा समेत पुग्दछन्। कतिपय अवस्थमा ग्रामिण किसानहरूलाई टेक्टरमा चढी, विभिन्न ठाउँमा पुगेर समथर भागमा कृषि सेवा दिने व्यावसायीहरू पनि यही श्रेणीमा पर्दछन् । यसरी विभिन्न ठाउँमा घुम्ती व्यावसाय सञ्चालन गर्नेहरू ग्रामिण क्षेत्रका उदाउँदा उद्यमीहरू हुन् भने, शहरी व्यस्त जीवनका आधुनिक समस्याहरू नयाँ किसिमले समाधान गर्ने नवप्रवर्तकहरू हुन्। निश्चित व्यावसायिक ठेगाना नभएकै कारण फाराम भर्न नमिल्ने र दर्ता नहुने समस्यालाई समाधान गरिनुपर्छ ।

यस्तो प्रकृतिका व्यावसायहरूलाई दर्ता हुनबाट रोक्नाले पहिले नसोचिएका असंख्य नवप्रवर्तित उत्पादन वा प्रक्रिया सम्बन्धि व्यावसायहरूलाई हामीले औपचारिक क्षेत्रमा गुमाउँछौ । यस्तो व्यवस्थाले व्यावसायको निरन्तर सुधार र नयाँपनमार्फत पूरै समाजलाई फाइदा पुऱ्याउने भन्ने उद्देश्यलाई पूरा हुन दिँदैन । यस्तो अवस्थामा, आर्थिक रूपले कमजोर वर्गलाई उद्यमशिलता मार्फत माथि उकास्ने भन्ने राष्ट्रिय लक्ष्य पूरा गर्नसमेत बाधा उत्पन्न गर्छ। किन भने, न्युन पुँजीमा खुल्ने यस्ता व्यावसाय प्रायः आर्थिक रूपमा कमजोर वर्गका व्यावसायीहरूले स्थापना गरेको देखिन्छ ।

सुझाव

यसको समाधानका रूपमा, सम्बन्धित निकायले घुम्ती व्यवसाय गरिरहेका व्यावसायीहरूलाई समेत औपचारिक क्षेत्रमा स्वागत गर्ने किसिमले संशोधनको काम गर्नुपर्छ । हालका लागि, व्यावसाय दर्ताका लागि फाराममा स्थायी ठेगाना उल्लेख गर्नैपर्ने व्यवस्थालाई ऐच्छिक बनाएर सुधारको ढोका खोल्न सकिन्छ । यस्तो व्यवस्था कम पुँजीका व्यावसायिहरूलाई बढी सान्दर्भिक हुने हुँदा, मझौला र ठूलालाई नभए पनि, कम्तिमा साना तथा घरेलु उद्योग विभागमा दर्ता हुने व्यवसायहरूका लागि मात्र भए पनि गरिनुपर्छ । यसले उद्यमी, उपभोक्ता र समाजलाई मात्र फाइदा नगरी, अनौपचारिक क्षेत्रका धेरै व्यावसायिहरूलाई औपचारिक क्षेत्रमा ल्याई नयाँ ब्यावसायिक सोच हुनेलाई समेट्दछ र अर्थतन्त्रलाई नै ठुलो सहयोग पुर्‍याउँछ । यस्तोमा, व्यावसाय नियमन गर्ने निकायले एक निश्चित ठेगानामा मात्र व्यावसाय हुन्छ भन्ने मान्यताबाट अगाडि बढ्दै प्रगतिशिल सोच राख्न सक्नुपर्छ । त्यसपछि मात्र सरकारले अनौपचारिक अर्थतन्त्रको मुद्दालाई पनि धेरै उद्यमीहरूलाई मुलधारमा ल्याउँदै राष्ट्रका लागि वृद्धि र समृद्धि ल्याउन सहयोग पुर्‍याउने किसिमले सही ढंगले सम्बोधन गर्न सक्दछ ।

९. ठूला उद्योगहरूलाई विभेदपुर्ण व्यवस्थाः

दफा	उपदफा	देहायको	
दफा २४	उपदफा २	(ज)	रू १ अर्ब लगानी गर्ने र ५०० जनालाई रोजगारी दिने ठूला उद्योगहरूलाई ५ वर्षसम्म आयकरमा १०० प्रतिशत छुट र त्यसपछिका ३ वर्षका लागि आयकर मा ५० प्रतिशत छुट सम्बन्धि व्यवस्था ।

यस्तो कर छुट दिनु पछाडिको कारण ठुलो स्तरमा उत्पादन गर्ने उद्योगहरूको प्रवर्धन गर्दै रोजगारी सिर्जना गर्ने हुन सक्छ । तर पनि, विभिन्न स्रोतबाट आएका तथ्याङ्कहरूले के देखाउँछन् भने, नेपालमा धेरैजसो रोजगारी सिर्जना साना तथा मझौला व्यावसायहरूले गरिरहेका छन् । साथै, पछिल्ला अनुभवमूलक शोधहरूले पनि रोजगारी सिर्जना र कुल ग्राहस्थ उत्पादनमा साना तथा मझौला व्यावसायहरूको योगदान संसारभरमै उल्लेख्य रहेको देखाएका छन् । जब ठुला उद्योगहरूले कर सुविधा पाउँछन्, त्यही क्षेत्रका साना र मझौला संस्थाहरूलाई ठूला संस्थासँग प्रतिस्पर्धा गर्न झन् कठीन हुन्छ ।

सुझाव

यस्तोमा, कि त ठुला उद्योगलाई दिईएको सुविधा खारेज गर्नुपर्छ, कि त साना र मझौला व्यावसायलाई पनि बराबर किसिमको छुट र सुविधा दिनुपर्छ। ताकि सबै व्यावसायहरू एउटै ठाउँमा रहेर प्रतिस्पर्धा गर्न सकुन्।